# आन्तरिक विस्थापन सम्बन्धी

## वकालत पुस्तिका

NEPAL INSTITUTE OF PEACE
March, 2005

# आन्तरिक विस्थापन सम्बन्धी वकालत पुस्तिका

**प्रकाशकः**

नेपाल शान्ति संस्था
ललितपुर, नेपाल
पो.ब.नं.: ९७३१, काठमाडौं, नेपाल
फोन नं.: (९७७ १) ५५२०४०७
इमेल: nipnepal@wlink.com.np
nipnepal2002@yahoo.com

मार्च २००५

**© सुरक्षितः**
नेपाल शान्ति संस्था

**कभर फोटोः**
साभरः- विखण्डित जीवनहरू, एमनेष्टी इन्टरनेशनल नेपाल

**डिजाइन तथा लेआउटः**
द प्रिन्ट हाउस
नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: (९७७ १) ४४७६८७१
इमेल: printhouse@wlink.com.np

# दुई शब्द

नेपालमा आन्तरिक विस्थापनको समस्या विगत ८ वर्षदेखि निरन्तर बढिरहेको र लाखौं नागरिकहरू आफ्नो बासस्थानबाट घरबार र सम्पत्तिविहीन भएको अवस्था छ। विस्थापनको कारणबाट पर्न गएको मानसिक क्षति, पीडाबोध तथा सम्पत्तिको क्षतिको भरपर्दो लेखाजोखा हुन सकेको छैन। धेरैजसो विस्थापित व्यक्तिहरू जिल्ला सदरमुकाम, क्षेत्रीय विकास केन्द्र तथा राजधानीमा केन्द्रित भएका छन्। यसरी अचानक विस्थापित हुने क्रम बढ्दो रुपमा रहेकाले विस्थापित व्यक्तिहरूको समस्या समाधान गर्न ठोस र एकीकृत कार्यक्रम अपरिहार्य भएता पनि यस कार्यको थालनी हुन बाँकी नै छ। श्री ५ को सरकारबाट घोषित कार्यक्रमहरू पनि स्पष्ट रूपमा विस्थापित व्यक्तिहरूलाई मात्र लक्षित नगरी समग्र द्वन्द्वपीडितहरूलाई लक्षित गरिएको छ। यसबाट विस्थापितहरूका आवश्यकता सरकारी प्राथमिकतामा नपरेको स्पष्ट देखिन्छ।

माथि उलेखित विस्थापित व्यक्तिहरूका समस्यालाई सम्बोधन गर्नका निमित्त समग्र रुपमा नीतिगत तथा व्यवस्थापकीय क्षमताको विकास हुनु अपरिहार्य छ। विस्थापित व्यक्तिहरूलाई लक्षित गरी निर्माण गरिएका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्थाहरूलाई विश्लेषण गरी विस्थापित व्यक्तिहरूलाई प्राप्त तथा उपलब्ध हुने अधिकार र सम्बन्धित निकायहरूको जिम्मेवारीको विषयमा विश्लेषण गर्न र सो सम्वन्धमा वकालत गर्नका लागि यो पुस्तिका तयार गरिएको हो।

यस पुस्तिकाको सान्दर्भिकता, विषयवस्तु एवमं सिफारिहरू उपर छलफ गर्ने क्रममा आयोजना गरिएको कार्यशालागोष्ठीमा सहभागीभई अमूल्य सल्लाह र सुझाव दिनुहुने सबैमा धन्यवाद दिन चाहन्छु। त्यसैगरी दक्षिण-एसियाको आन्तरिक विस्थापन सम्बन्धी लेख पठाई सहयोग गर्नुहुने पौला बनर्जी, समीर दास, सब्यासाची बसु रायचौधरी लगायत कलकत्ता अनुसन्धान समूहले पुर्‍याको सहयोग प्रति हामी आभारी छौं। साथै प्रस्तुत पुस्तिका तयार गर्न नेपाल शान्ति संस्थालाई सहयोग गर्नुहुने मित्रहरू श्री बन्दना श्रेष्ठ र कमल निरौलाप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

**सोमप्रसाद निरौला**
*सचिव,* नेपाल शान्ति संस्था

# अनुसूची

# आन्तरिक विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू

## परिचय: क्षेत्र र उद्देश्य

१ यी निर्देशक सिद्धान्तहरूले विश्वव्यापी स्तरमा आन्तरिक रूपले विस्थापित व्यक्तिहरूको विशिष्ट आवश्यकताहरूलाई उठान गर्दछन्। यी सिद्धान्तहरूले जबरजस्ती विस्थापनबाट मानिसहरूको संरक्षण र विस्थापनको समयमा सुरक्षा एवं सहयोग साथै पुनरागमन अथवा पुनर्बास र पुनर्मिलनको समयमा तिनीहरूका अधिकार तथा प्रत्याभूतिहरूको पहिचान गर्दछन्।

२ यी सिद्धान्तहरूका उद्देश्यमुताविक आन्तरिक रूपले विस्थापित व्यक्तिहरू भन्नाले त्यस्ता व्यक्तिहरू वा व्यक्तिहरूको समूहहरूलाई बुझाउँछ, जो कुनै विशेष परिस्थिति खास गरी, सशस्त्र द्वन्द्व, सामान्यीकृत हिंसा, मानवअधिकारको उल्लङ्घन वा प्राकृतिक वा मानवजन्य प्रकोपहरूको परिणामस्वरूप भएका वा हुने असर तथा अवस्थाबाट बच्नका लागि बाध्य वा अत्यावश्यक भएर आफ्नो घरबार तथा हालैको गाँसबासको स्थान छाड्न पुगेका तर जसले अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त राज्यको सिमाना पार गरेका छैनन्।

३ यी सिद्धान्तहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनसँग मेल खान्छन् र तिनीहरूको प्रतिनिधित्व समेत गर्दछन्। यिनीहरूले मार्गदर्शन गर्नेछन्:-

(क) आन्तरिक विस्थापनसम्बन्धी कार्य गर्ने संयुक्त राष्ट्रसंघको महासचिवका प्रतिनिधिलाई उसको अधिकार प्रयोग गर्नका लागि,

(ख) आन्तरिक विस्थापनको समस्या भोगिरहेका राज्यहरूका लागि,

(ग) आन्तरिक रूपले विस्थापित व्यक्तिहरूसँग सम्बन्धित अन्य त्यस्ता निकायहरू, समूहहरू र व्यक्तिहरूका लागि,

(घ) आन्तरिक विस्थापनसम्बन्धी कार्य गर्न चाहने अन्तरसरकारी तथा गैरसरकारी संस्थाहरूका लागि।

* *Francis Deng's 'Preface' to Walter Kalin, Guiding Principles on Internal Displacement: Annotations (Washington DC: American Society of International Law, and the Brookings Institution ,2000), p. vi.*



४ यी निर्देशक सिद्धान्तहरूको प्रचार-प्रसार तथा कार्यान्वयन सकेसम्म व्यापक रूपमा गराइनेछ।

## भाग १
## साधारण सिद्धान्तहरू

### सिद्धान्त १

१ आन्तरिक रूपले विस्थापित व्यक्तिहरूले, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनको अधीनमा रही त्यो देशका अन्य व्यक्तिहरूसरह पूर्णत: समान रूपमा उही अधिकार र स्वतन्त्रताहरूको उपभोग गर्न पाउनेछन्।

२ यी सिद्धान्तहरू अन्तर्राष्ट्रिय कानूनअन्तर्गत व्यक्तिगत आपराधिक दायित्वप्रति विशेष गरी, आम नरसंहार, मानवताविरुद्धको अपराध तथा युद्धअपराधमा बिनापूर्वाग्रह लागू हुनेछन्।

### सिद्धान्त २

१ यी सिद्धान्तहरू सबै निकायहरू, समुदायहरू र व्यक्तिहरूको कानूनी हैसियत नहेरीकन बिना कुनै भेदभाव लागू गरिनेछ। यी सिद्धान्तहरूलाई लागू गराउँदा संलग्न भएका कुनै पनि निकायहरू, समूहहरू र व्यक्तिहरूको कानूनी हैसियतमा कुनै किसिमको असर पर्नेछैन।

२ यी सिद्धान्तहरूलाई अन्तर्राष्ट्रिय मानव अधिकारहरू वा अन्तर्राष्ट्रिय मानवीय कानूनका संयन्त्रहरू वा राष्ट्रिय कानूनहरूले व्यवस्था गरेका व्यक्तिका अधिकारहरूको अवरोध, परिवर्तन वा कमजोरीका रूपमा व्याख्या गरिनेछैन। खास गरी, यी सिद्धान्तहरू अरू देशमा आश्रय खोज्ने र उपभोग गर्ने अधिकारप्रति पूर्वाग्रहरहित छन्।

### सिद्धान्त ३

१ आन्तरिक रूपले विस्थापित व्यक्तिहरूलाई आफ्नो अधिकार क्षेत्रभित्र देशको कानूनी व्यवस्थाअनुसार संरक्षण र मानवीय सहयोग प्रदान गर्नु राष्ट्रिय अधिकारीहरूको प्रमुख कर्तव्य र उत्तरदायित्व हुन्छ।

२ आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई ती अधिकारीहरूसमक्ष अनुरोध गर्ने र संरक्षण तथा मानवीय सहयोग प्राप्त गर्ने अधिकार हुन्छ। यस्ता किसिमका अनुरोधहरू गर्दा तिनीहरूलाई बन्दी बनाउन या सजाय दिन पाइनेछैन।

### सिद्धान्त ४

१ यी सिद्धान्तहरू जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म वा विश्वास, राजनीतिक वा अन्य विचार, राष्ट्रियता, जातीय वा सामाजिक परिवेश, कानूनी वा सामाजिक हैसियत, उमेर, अक्षमता, सम्पत्ति, जन्म वा यस्तै अन्य समान प्रकारका आधारमा कुनै भेदभावबिना नै लागू गरिनेछ।

२ निश्चित किसिमका आन्तरिक रूपले विस्थापित व्यक्तिहरू, जस्तै : बालबालिका

विशेष गरी, कानूनी बेसहारा नाबालकहरू, गर्भवती आमाहरू, साना बच्चा भएका आमाहरू, परिवारका मूलीमहिलाहरू, अशक्त व्यक्तिहरू र वृद्ध व्यक्तिहरूलाई तिनीहरूको अवस्था हेरी संरक्षण तथा सहयोग प्राप्त गर्ने अधिकार हुनेछ साथै उनीहरूको विशेष आवश्यकतालाई हेरी उपचारको व्यवस्था गरिनुपर्नेछ ।

## भाग २
## विस्थापनबाट संरक्षणसम्बन्धी सिद्धान्तहरू

**सिद्धान्त ५**

सबै अधिकारीहरू एवं अन्तर्राष्ट्रिय समुदायहरूले सबै परिस्थितिमा मानव अधिकार र मानवीय कानूनसहित अन्तर्राष्ट्रिय कानूनअन्तर्गत आफ्नो दायित्वको आदर गर्ने तथा आदर सुनिश्चित गर्नेछन् जसबाट व्यक्तिहरूको विस्थापन हुनसक्ने अवस्थाको रोकथाम वा परित्याग हुनसकोस् ।

**सिद्धान्त ६**

१. हरेक मानवलाई उसको वा उनको घर वा गाँसबासबाट स्वेच्छाचारी विस्थापनविरूद्ध सुरक्षा पाउने अधिकार हुनेछ ।

२. स्वेच्छाचारी विस्थापनको प्रतिबन्धले देहायबमोजिम हुने विस्थापनहरूलाई समेट्दछः-

(क) प्रभावित जनसंख्याको जातीय, धार्मिक संरचनालाई खलल पार्ने किसिमका रङ्गभेद नीतिहरू, जातीय झै-झगडा र त्यस्तै अन्य कार्यहरू भएमा,

(ख) सशस्त्र द्वन्द्वको समयमा; नागरिकहरूको सुरक्षासँग सम्बन्धित तथा आवश्यकीय सैनिक प्रयोजन नभएसम्म,

(ग) बृहत् परिमाणका विकास-परियोजनाहरू सञ्चालन भएमा; जहाँ जनचासोहरूलाई बाध्य र हेपाहा तरिकाले परिभाषित गरिएको नभएमा,

(घ) विभिन्न किसिमका प्रकोपहरू भएको अवस्थामा; प्रभावित व्यक्तिहरूको सुरक्षा र स्वास्थ्यका लागि तिनीहरूको बासस्थान खाली गराउनुपर्ने नदेखिएसम्म,

(ङ) सामूहिक सजायको रूपमा यसलाई प्रयोग गरिएको अवस्थामा,

३ आवश्यक परिस्थितिमा बाहेक विस्थापनको समयलाई लामो बनाइनेछैन ।

**सिद्धान्त ७**

१ सम्बन्धित अख्तियारवालाहरूले समग्र रूपमा विस्थापन रोकथामका लागि व्यक्तिहरूलाई विस्थापन गर्ने कुनै पनि निर्णयपूर्व अन्य वैकल्पिक सम्भावनाहरूको खोजी सुनिश्चित गर्नुपर्नेछ । यदि कुनै विकल्पहरू नरहेमा, विस्थापन र यसबाट पर्ने प्रतिकूल असरहरूलाई कम गर्न सबै उपायहरू अवलम्बन गर्नुपर्नेछ ।

२ यस्ता विस्थापनसम्बन्धी जिम्मेवार अधिकारीहरूले व्यावहारिक रूपमा सम्भव भएसम्म विस्थापित व्यक्तिहरूलाई उचित आवासको व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ताकि यस्तो



विस्थापन सुरक्षा, पोषण, स्वास्थ्य तथा सरसफाइको सन्तोषजनक अवस्थामा हुनेछ तथा परिवारका सदस्यहरूलाई अलग-अलग पारिनेछैन ।

३ सशस्त्र द्वन्द्वको संकटकालीन अवस्था र प्रकोपहरूमा बाहेक अन्य समयमा यस्ता विस्थापनहरू भएमा देहायका प्रत्याभूतिहरूसँग मेल खानुपर्नेछ :

(क) यस्ता उपायहरूको आदेशका लागि कानूनद्वारा सशक्त पारिएको राज्यका अधिकारीले विशेष किसिमको निर्णय लिएको हुनुपर्नेछ ।

(ख) विस्थापितहरूलाई उनीहरूको विस्थापनका कारणहरू र प्रक्रियाहरूका बारेमा पूर्ण सूचनाको प्रत्याभूति दिनका लागि तथा जहाँ उचित हुन्छ, आवश्यक क्षतिपूर्ति र पुन:स्थापनाका लागि पर्याप्त उपायहरूको अवलम्बन गरिनेछ ।

(ग) विस्थापित हुने व्यक्तिहरूको स्वतन्त्र र जानकारीयुक्त सहमति लिइनेछ ।

(घ) अख्तियार प्राप्त निकायहरूद्वारा विस्थापनबाट प्रभावित विशेष गरी, महिलाहरूलाई उनीहरूको पुन:स्थापन योजना र व्यवस्थापन कार्यमा संलग्न गराउन प्रयास गरिनेछ ।

(ङ) यदि आवश्यक परेमा दक्ष कानूनी अधिकारीहरूबाट कानून कार्यान्वयन गर्ने उपायहरू लागू गरिनेछ ।

(च) उपयुक्त न्यायिक अधिकारीहरूले गरेका यस्ता निर्णयहरूको पुनरावलोकन लगायतका प्रभावकारी कानूनी उपचारका अधिकारहरूको सम्मान गरिनेछ ।

**सिद्धान्त ८**

ती प्रभावित व्यक्तिहरूको जीवन, मर्यादा, स्वतन्त्रता र सुरक्षाको अधिकार उल्लङ्घन हुने गरी कुनै पनि विस्थापनहरू हुनेछैनन् ।

**सिद्धान्त ९**

आदिवासी जनता, अल्पसंख्यकहरू, किसानहरू, गाउँलेहरू र अन्य समूहहरू जसको विशेष निर्भरता भूमिसँग जोडिएको हुन्छ, तिनीहरूलाई विस्थापनबाट संरक्षण गर्ने राज्यहरूको विशेष दायित्व हुनेछ ।

## भाग ३
## विस्थापनको समयमा संरक्षणसम्बन्धी सिद्धान्तहरू

**सिद्धान्त १०**

१ हरेक मानवलाई जीवनको नैसर्गिक अधिकार हुन्छ, जुन कानूनबाट संरक्षित हुनेछ । स्वेच्छाचारी ढङ्गले कोहीबाट कसैको जीवनलाई बरबाद गरिनेछैन । आन्तरिक रूपले विस्थापित व्यक्तिहरूलाई विशेषगरी निम्नलिखित कार्यहरूविरुद्ध संरक्षण गरिनेछ :

(क) आम नरसंहार,

(ख) हत्या,

(ग) गैरकानूनी वा स्वेच्छाचारी मृत्यु दण्ड; र

(घ) बलजफती बेपत्ता पारिनु जसअन्तर्गत अपहरण वा बिना जानकारीको थुना, धम्की अथवा मृत्युसम्म हुनसक्ने घटनाहरू; धम्कीहरू र माथि उल्लिखित अपराधहरू गर्न उक्साउने कार्यहरूलाई प्रतिबन्ध लगाइनेछ ।

२ शत्रुतापूर्ण कायमा सामेल नभएका वा हुननसक्ने आन्तरिक रूपले विस्थापित व्यक्तिहरूका विरुद्ध हुने आक्रमणहरू र हिंसाका घटनाहरू जुनसुकै अवस्थामा प्रतिबन्धित छन् । आन्तरिक रूपले विस्थापित व्यक्तिहरू, विशेषगरी निम्नलिखित अवस्थाहरूमा सुरक्षित हुनेछन् :

(क) प्रत्यक्ष वा भेदभावपूर्ण आक्रमणहरू अथवा हिंसाका अन्य कार्यहरू; विशेष गरी, त्यस्ता क्षेत्रहरूको संरचना गर्न जसमा नागरिकहरूमाथिको आक्रमणलाई अनुमति प्रदान गरिन्छ ।

(ख) भोक हड्ताल, संघर्षको एउटा तरिका भएको अवस्थामा;

(ग) आक्रमणहरूमा सैनिक प्रयोजनका लागि ढालको रूपमा तिनीहरूको प्रयोग अथवा सुरक्षा कारबाहीमा अवरोधक-पक्षको रूपमा तिनीहरूको प्रयोगमा;

(घ) तिनीहरूका शिविर र बासस्थानमाथिको आक्रमण; र

(ङ) सुरक्षा फौजहरूविरुद्ध हुने भूमिगत विद्युतीय धराप विस्फोटनको प्रयोग;

**सिद्धान्त ११**

१ हरेक व्यक्तिलाई मर्यादा र भौतिक, मानसिक तथा नैतिक निष्ठाको अधिकार छ ।

२ आन्तरिक रूपले विस्थापित व्यक्तिहरू, तिनीहरूको स्वतन्त्रतामाथि प्रतिबन्ध लगाइएको होस् वा नहोस्, निम्नलिखित कुराहरूविरुद्ध संरक्षित हुनेछन् :

(क) बलात्कार, अङ्गभङ्ग, यातना, क्रूर, अमानवीय अथवा अमर्यादित व्यवहार, सजाय र अन्य व्यक्तिगत मर्यादामा आँच आउने खालका अत्याचार; जस्तै, लैङ्गिकविशेष हिंसाहरू, जबरजस्ती वेश्यावृत्ति र कुनै पनि प्रकारका खराब भौतिक आक्रमणहरू,

(ख) दासता तथा दासताका समकालीन रूपहरू जस्तै : वैवाहिक बेचबिखन, यौन शोषण अथवा जबरजस्ती बालश्रम; र

(ग) आन्तरिक रूपले विस्थापित व्यक्तिहरूलाई आतङ्कित पार्नका लागि गरिएका हिंसाका घटनाहरू; धम्कीहरू र माथि उल्लिखित अपराधहरू गर्न उक्साउने कार्यहरूलाई प्रतिबन्ध लगाइनेछ ।

**सिद्धान्त १२**

१ हरेक मानवलाई व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार रहेको छ, कुनै पनि व्यक्तिलाई गैरकानूनी ढङ्गले गिरफ्तार गर्ने अथवा थुन्ने काम गर्न पाइनेछैन ।



२ आन्तरिक रूपले विस्थापित व्यक्तिहरूको अधिकारको उपभोग गर्नका लागि कुनै बन्देज अथवा एउटा शिविरभित्र मात्र सीमित गरिनेछैन । कुनै विशेष अवस्थामा बन्देज तुल्याउनु वा सीमित गरिनु अत्यावश्यक छ, जुन उक्त परिस्थितिपश्चात् पनि लम्ब्याउन पाइनेछैन ।

३ आन्तरिक रूपले विस्थापित व्यक्तिहरूलाई विस्थापन भएकै कारणले हुने भेदभावपूर्ण गिरफ्तारी र थुनाहरूबाट संरक्षण गरिनुपर्नेछ ।

४ आन्तरिक रूपले विस्थापित व्यक्तिहरूलाई कुनै पनि हालतमा बन्धकको रूपमा राखिनेछैन ।

**सिद्धान्त १३**

१ कुनै पनि अवस्थाहरूमा विस्थापित बालबालिकाहरूलाई युद्धहरूमा भाग लिनका लागि भर्ती गरिनेछैन, नत माग गरिने वा अनुमति नै दिइने छ ।

२ विस्थापित भएकै कारणले, आन्तरिक रूपले विस्थापित व्यक्तिहरूलाई कुनै सैन्य बलहरूमा वा समूहहरूमा भर्ती हुने क्रममा हुने भेदभावहरूबाट संरक्षित गरिनेछ । विशेष गरी, कुनै क्रूर, अमानवीय तथा अमर्यादित क्रियाकलापहरू गरेर विस्थापितहरूलाई भर्ती हुन बाध्य गराउने र उनीहरूसँग असहमत भए सजाय दिने कार्य कुनै पनि हालतमा प्रतिबन्धित हुनेछ ।

**सिद्धान्त १४**

१ आन्तरिक रूपले विस्थापित प्रत्येक व्यक्तिलाई हिंडडुलको स्वतन्त्रता र उसको वा उनको बासस्थान रोज्न पाउने स्वतन्त्रताको अधिकार रहेको छ ।

२ विशेष गरी, आन्तरिक रूपले विस्थापित व्यक्तिहरूलाई शिविरभित्र वा बाहिर वा अन्य बासस्थानहरूमा स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने अधिकार रहेको छ ।

**सिद्धान्त १५**

आन्तरिक रूपले विस्थापित व्यक्तिहरूसँग यी अधिकार निहित छन् :

(क) देशको कुनै पनि भागमा सुरक्षा खोज्ने अधिकार,

(ख) आफ्नो देश छोड्ने अधिकार,

(ग) अन्य कुनै देशमा शरण खोज्ने अधिकार र

(घ) आफ्नो जीवन सुरक्षा, स्वतन्त्रता र वा स्वास्थ्य समेतमा जोखिम रहेसम्मको अवस्थामा कुनै पनि ठाउँमा बलपूर्वक पुनरागमन अथवा पुनर्वासविरूद्धको अधिकार

**सिद्धान्त १६**

१. आन्तरिक रूपले विस्थापित सम्पूर्ण व्यक्तिहरूलाई उनीहरूका हराइरहेका नातेदारहरूको भाग्य, बसोबासको ठाउँ एवं अवस्थाका बारेमा जान्न पाउने अधिकार निहित रहनेछ ।

२ सम्बन्धित अख्तियारवालाहरूले बेपत्ता भएको भनिएको आन्तरिक रूपले विस्थापित व्यक्तिको भाग्य, अवस्था एवं बसाइको बारेमा जानकारी प्राप्त गर्ने प्रयास गर्नुपर्नेछ र यसै काममा संलग्न सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूलाई समेत सहयोग गर्नुपर्नेछ। तिनीहरूले यस सिलसिलामा भएका अनुसन्धानात्मक प्रगति र कुनै परिणाम भए, सो समेत निजका नजिकका नातेदारलाई जानकारी गराउनुपर्नेछ।

३ सम्बन्धित अख्तियारवालाले मृतकको पार्थिव शरीर वा यसका अवशेषहरूको सङ्कलन एवं पहिचान गरी, नाशिन वा मेटिन नदिई सो पार्थिव शरीर वा अवशेषहरू निजका नजिकका आफन्तहरूलाई जिम्मा लगाइदिनुपर्नेछ वा यथोचित सद्गत गरिदिनुपर्नेछ।

४ आन्तरिक रूपले विस्थापित व्यक्तिहरूका कब्रस्थान/ मसानको जुनसुकै परिस्थितिमा पनि सुरक्षा एवं आदर गर्नुपर्नेछ। आन्तरिक रूपले विस्थापित व्यक्तिहरूलाई तिनीहरूको आफन्तको कब्रस्थान/मसानसम्म पहुँचको अधिकार हुनेछ।

**सिद्धान्त १७**

१. प्रत्येक मानवमा उसको/उनको पारिवारिक जीवनको आदर गरिनुपर्ने अधिकार निहित छ।

२. आन्तिरिक रूपले विस्थापित व्यक्तिहरूमा निहित उक्त अधिकार प्रचलनमा ल्याउन तिनीहरूको परिवारको सदस्य जो विस्थापित व्यक्तिसँगै बस्न चाहन्छ, बस्न दिनुपर्नेछ।

३. विस्थापित परिवारहरूको पुनर्मिलन सम्भव भएसम्म छिट्टै हुनुपर्नेछ। त्यस्तो पुनर्मिलन सक्दो छिटो गराउन सबै उपयुक्त प्रयासहरू गरिनुपर्नेछ र झन् बालबालिका समेत छन् भने विशेष पहल गरिनुपर्नेछ। पारिवारिक पुनर्मिलन, सम्बन्धित परिवारका सदस्यहरूले गरेका सोधपुछ र खोजतलासलाई जिम्मेबार अधिकारीहरूले सहज बनाउनेछन् तथा पारिवारिक पुनर्मिलनको क्षेत्रमा संलग्न मानवीय संस्थाहरूको कार्यमा अभिप्रेरित र सहयोग गर्नेछन्।

४. आन्तरिक रूपमा विस्थापित परिवारका सदस्यहरू, जसको व्यक्तिगत स्वतन्त्रता निजको नजरबन्दी वा शिविरमा बस्नुपर्ने भएको कारणले कुण्ठित भएको छ भने पनि सगोलमा रहने अधिकार रहिरहनेछ।

**सिद्धान्त १८**

१. आन्तरिक रूपमा विस्थापित सम्पूर्ण व्यक्तिहरूमा उच्चस्तरको जीवनयापन गर्न पाउने अधिकार निहित छ।

२. जुनसुकै अवस्थामा पनि सक्षम अधिकारीहरूले आन्तरिक रूपमा विस्थापति व्यक्तिहरूलाई



बिनाभेदभाव कमसेकम देहायका आधारभूत कुराहरू सुरक्षित पहुँचको सुनिश्चितताका साथ उपलव्ध गराउनुपर्नेछः

(क) अत्यावश्यक खाना एवं पिउनयोग्य पानी ;
(ख) आधारभूत आश्रय तथा आबास;
(ग) समुचित लुगाफाटो;
(घ) अत्यावश्यक चिकित्सा सेवाहरू एवं सरसफाइ;

३. यी आधारभूत वस्तुहरूको योजना तथा वितरणमा महिलावर्गको पूर्ण सहभागिता सुनिश्चित गर्न विशेष प्रयत्न गर्नुपर्नेछ।

**सिद्धान्त १९**

१. आन्तिरिक रूपमा विस्थापित घाइते, बिरामी साथै अपाङ्ग, अशक्त व्यक्तिहरूले चिकित्सकीय हेरचाह तथा आवश्यक सुविधाहरू व्यावहारिक रूपमा सम्भवभएसम्म कुनै विलम्बबिना र चिकित्सकीय आधारको कारणले बाहेक बिना कुनै भेदभाव पाउनेछन्। आवश्यक परेमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको पहुँच मनोवैज्ञानिक तथा सामाजिक सेवाहरूसम्म हुनेछ।

२. महिलाहरूको स्वास्थ्यसम्बन्धी आवश्यकताहरूको बारेमा विषेश ध्यान पुऱ्याउनुपर्नेछ; जसमा महिला स्वास्थ्य सेवा प्रदायकहरू र सेवाहरू, जस्तै– प्रजनन स्वास्थ्य सेवा साथै लैङ्गिक तथा अन्य दुर्व्यवहारका पीडितहरूका लागि सही परामर्शसम्मको पहुँच समेत पर्दछन्।

३. आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूबीच एड्स लगायत सरुवा तथा पकुवा रोगहरूको रोकथाममा पनि विशेष ध्यान पुऱ्याउनुपर्नेछ।

**सिद्धान्त २०**

१. प्रत्येक मानवलाई कानूनको अगाडि जहाँसुकै पनि एक व्यक्तिको हैसियतले चिनाउन पाउने अधिकार छ।

२. आन्तिरिक रूपमा विस्थापित व्यक्तिहरू समेतमा यो हक/अधिकारको प्रचलन गराउन सम्बन्धित अधिकारीहरूले तिनीहरूलाई आफ्नो कानुनी अधिकारको उपभोग एवं अभ्यासका लागि आवश्यक पर्ने राहदानी, व्यक्तिगत पहिचानका लिखतहरू, जन्म एवं वैवाहिक प्रमाणपत्र जस्ता सम्पूर्ण लिखतहरू जारी गर्नुपर्नेछ। विशेषतः ती आधिकारीहरूले सम्बन्धित व्यक्तिहरूलाई नयाँ लिखतहरू वा विस्थापनको सन्दर्भमा हराएका लिखतको प्रतिस्थापन गर्न सघाउनेछन् र यसो गर्दा कसैलाई पनि आफ्नो परम्परागत स्थायी बसोबासमा फर्किएर उल्लिखित तथा अन्य लिखतहरू लिई आउनु भन्ने जस्तो अनुचित शर्त राखिनेछैन।

३. महिला एवं पुरुषलाई त्यस्ता आवश्यकीय लिखतहरू प्राप्त गर्न तथा सो लिखतहरू आ-आफ्नो नाममा जारी गरी पाउन समान अधिकार हुनेछ।

**सिद्धान्त २१**

१. कसैलाई पनि निजको सम्पत्ति एवं स्वामित्वबाट स्वेच्छाचारी तवरले वञ्चित गराइनेछैन।

२. निम्नानुसारका कार्यहरूको विरुद्धमा जस्तोसुकै अवस्थामा पनि आन्तरिक रूपमा विस्थापितहरूको सम्पत्ति एवं स्वामित्व सुरक्षित राखिनेछ :-

क) लुट

ख) प्रत्यक्ष वा जथाभाबी आक्रमण अथवा अन्य हिंसात्मक कृत्यहरू

ग) सैनिक गतिविधि वा प्रयोजनका लागि घेराबन्दीमा परेमा

घ) बदलाको शिकार/निशाना बनाइएकोमा र

ङ) सामूहिक सजायस्वरूप विध्वंस वा स्वामित्व हरण भएमा।

३. विस्थापित व्यक्तिहरूद्वारा छाडिएका, उनीहरूको स्वामित्वमा रहेका वस्तुहरू तथा सम्पत्तिको बिनास र जथाभावी ढङ्गले गैरकानूनी उपयोग वा प्रयोग गर्न दिइनुहुँदैन र तिनीहरूको संरक्षण गरिनुपर्दछ।

**सिद्धान्त २२**

१. आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू, चाहे ती शिविरमा बसून् वा नबसून्, लाई विस्थापनको परिणाम हेरेर देहायका अधिकार उपभोगमा विभेद गरिनेछैन :-

क) सोच, विवेक, धर्म वा विश्वास, विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार

ख) स्वतन्त्र रूपमा रोजगारीको अवसर खोज्ने तथा आर्थिक क्रियाकलापमा सहभागी हुन पाउने अधिकार

ग) स्वतन्त्र तवरमा सङ्गठित हुन पाउने तथा सामुदायिक गतिविधिमा संलग्न हुन पाउने अधिकार

घ) मतदान तथा सरकारी एवं सार्वजनिक मामिलाहरूमा सहभागी हुन पाउने अधिकार जसमा यी अधिकार उपभोग गर्न आवश्यक साधनहरूसम्मको पहुँचको अधिकार पनि पर्दछ; र

ङ) आफूले बुझ्ने भाषामा बोलचाल गर्न पाउने अधिकार।

**सिद्धान्त २३**

१. प्रत्येक मानवसँग शिक्षाको अधिकार निहित छ।

२. आन्तरिक रूपले विस्थापित व्यक्तिहरू समेतमा यो अधिकार प्रचलन गराउन सम्बन्धित अधिकारीहरूले सुनिश्चित गर्नेछन् कि त्यस्ता व्यक्तिहरू, विशेष गरी, विस्थापित बालबालिकाहरूले प्राप्त गर्ने शिक्षा प्राथमिक तहमा नि:शुल्क र अनिवार्य हुनेछ। शिक्षाले तिनीहरूको साँस्कृतिक, पहिचान, भाषा, तथा धर्मको आदर गर्नुपर्दछ।

३. शैक्षिक कार्यक्रमहरूमा महिला एवं बालबालिकाहरूको पूर्ण तथा समान सहभागिताका लागि विशेष प्रयासहरू गरिनेछन्।

४. आन्तरिक रूपले विस्थापित व्यक्तिहरू, विशेष गरी, युवा एवं महिलालाई तिनीहरू शिविरमा बसे वा नबसे पनि परिस्थिति सहज हुनासाथ शिक्षा एवं तालिमको सुविधा उपलब्ध गराइनेछ।



# भाग ४
## मानवीय सहयोगसम्बन्धी सिद्धान्तहरू

**सिद्धान्त २४**

१. सबै मानवीय सहयोगहरू मानवता तथा निष्पक्षताका सिद्धान्तहरूमुताबिक र बिनाभेदभाव उपलब्ध गराइनेछ।

२. राजनीतिक वा सैनिक कारणहरूबाट समेत आन्तरिक रूपले विस्थापितलाई गरिने मानवीय सहयोग स्थगन गरिनेछैन।

**सिद्धान्त २५**

१. आन्तरिक रूपले विस्थापित व्यक्तिहरूलाई मानवीय सहयोग प्रदान गर्ने पमुख कर्तव्य एवं उत्तरदायित्व सम्बन्धित राष्ट्रिय अधिकारप्राप्त निकायमा रहनेछ।

२. अन्तर्राष्ट्रिय मानवीय सङ्गठनहरू र अन्य उपयुक्त कारिणीहरू समेतमा आन्तरिक रूपले विस्थापितहरूको पक्षमा सेवा उपलब्ध गराउने अधिकार हुनेछ। त्यस्ता सेवाहरूलाई गैरमित्रवत् तथा एउटा राज्यको आन्तरिक मामलामा हस्तक्षेप नठानी, असल नियतले गरिएको कार्यको रूपमा लिइनेछ। सम्बन्धित अधिकारीहरूले आवश्यक मानवीय सहयोग उपलब्ध गराउन अक्षम वा अनिच्छुक भएपनि अन्तर्राष्ट्रिय सहयोग भने हठात् फिर्ता गरिनेछैन।

३. सम्बन्धित सबै अधिकारीहरूले आन्तरिक रूपमा विस्थापितहरूको पक्षमा गरिने मानवीय सहयोगका लागि स्वतन्त्र आवागमनको अनुमति र सहयोग प्रदान गर्नुपर्नेछ र त्यस्ता कार्यमा लागेका व्यक्तिहरूलाई सहयोग पाउने व्यक्तिहरूसम्म छिटो तथा अवरोधबिना पहुँचको लागि अनुमति दिनुपर्नेछ।

**सिद्धान्त २६**

मानवीय सहयोगमा संलग्न व्यक्तिहरू, तिनीहरूको आवतजावत र सामानहरूको ढुवानीको सुरक्षा गरिनेछ। तिनीहरू कुनै आक्रमण वा अन्य हिंसात्मक कार्यको विषय बन्नेछैनन्।

**सिद्धान्त २७**

१. अन्तर्राष्ट्रिय मानवीय संस्थाहरू तथा अन्य उपयुक्त कारिणीहरूले आन्तरिक रूपले विस्थापितहरूलाई सहयोग पुऱ्याउँदा उनीहरूको संरक्षणको आवश्यकता एवं मानव अधिकारप्रति उचित ध्यान पुऱ्याउनुपर्नेछ र उपयुक्त उपायहरू अबलम्बन गर्नुपर्नेछ। यसो गर्दा यी संस्था र कारिणीहरूले सम्बन्धित अन्तर्राष्ट्रिय स्तर एवं आचारसंहिताको आदर गर्नुपर्नेछ।

२. अघिल्लो अनुच्छे अन्तर्राष्ट्रिय संस्थाहरूले अधिकार पाएबमोजिमको संरक्षणजन्य उत्तरदायित्वप्रति पूर्वाग्रहरहित छ र राज्यहरूले त्यसको सेवा उपलब्ध वा अनुरोध गर्न सक्नेछन्।

# भाग ५
# पुनरागमन, पुनर्बास एवं पुनर्मिलनसम्बन्धी सिद्धान्तहरू

**सिद्धान्त २८**

१. अन्तर्राष्ट्रिय रूपमा विस्थापित व्यक्तिहरूको आफ्नो घर वा थातबासमा स्वेच्छापूर्वक, सुरक्षित एवं ससम्मान फर्किन वा उनीहरूले चाहेमा देशको कुनै पनि भागमा स्वेच्छापूर्वक पुनर्बास गर्ने अवस्थाको सृजना गरिदिनु वा सोको लागि तारतम्य मिलाइदिनु सम्बन्धित सक्षम अधिकारीहरूको पमुख कर्तव्य एवं दायित्व हुनेछ ।

२. आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको पुनरागमन अथवा पुनर्वास र पुनर्मिलनको योजना एवं व्यवस्थापनमा उनीहरूको पूर्ण सहभागिता सुनिश्चित गर्न विशेष प्रयत्न गरिनेछ ।

**सिद्धान्त २९**

१. आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू जो आफ्नो घर वा परम्परागत थातबासमा फर्किएका छन् अथवा जसले राज्यको अन्य कुनै भागमा पुनर्बास गरेका छन्, तिनीहरूलाई विस्थापित भएकै कारणबाट कुनै पनि भेदभाव गरिनेछैन । तिनीहरूमा सबै तहका सार्वजनिक मामलामा भाग लिने तथा सार्वजनिक सेवाहरूसम्मको पहुँचमा अन्य व्यक्तिहसरह पूर्ण एवं समान अधिकार रहनेछ ।

२. आफ्नै थातबासमा फर्किएका वा अन्यत्रै पुनर्बास गरेका आन्तरिक रूपले विस्थापित व्यक्तिहरूको विस्थापनको क्रममा हराएका वा छुटेका सम्पत्ति वा स्वामित्वमाथिको हक पुन:स्थापना गराउन हरसम्भव प्रयास गर्नु सम्बन्धित सक्षम अधिकारीहरूको कर्तव्य एवं दायित्व हुनेछ । त्यस्तो सम्पत्ति वा हकको पुन:स्थापना सम्भव नभएमा सक्षम अधिकारीहरूले त्यस्ता व्यक्तिहरूलाई उपयुक्त क्षतिपूर्ति वा शोधभर्ना उपलब्ध गराउने वा त्यसका लागि सहयोग गर्नेछन् ।

**सिद्धान्त ३०**

सम्बन्धित सबै अधिकारीहरूले आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको पुनरागमन वा पुनर्वास र पुनर्मिलनमा सहयोगार्थ संलग्न अन्तर्राष्ट्रिय मानवीय संस्थाहरू तथा अन्य उपयुक्त कारिणीहरूलाई सोही प्रयोजनका लागि उनीहरूलाई प्राप्त अधिकारमुताबिक विस्थापित व्यक्तिहरूमाझ द्रुत एवं सहज पहुँच गराइदिन अनुमति तथा सहयोग प्रदान गर्नुपर्नेछ ।